# चौरपाटी गाउँपालिकाको

## आर्थिक वर्ष २०८३।८४ को

### आर्थिक ऐन

### २०८३

चौरपाटी गाउँपालिका

चौरपाटी, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

# **चौरपाटी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नआ.व २०८३।०८४ बनेको ऐन**

**प्रस्तावनाः**

चौरपाटी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम, चौरपाटी  गाउँ सभाले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न यो ऐन  पेश गरेको गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस को नाम आर्थिक ऐन, २०८३" रहने छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि चौरपाटी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२. परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयक माः–**

(क) "आर्थिक ऐन" भन्नाले चौरपाटी गाउँपालिकाको आर्थिक ऐन, २०८३"सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले चौरपाटी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले चौरपाटी गाउँपालिका सम्झनु पर्छ।

(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ङ) "व्यक्ति" भन्नाले यस एने बमोजिम कर तिनुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(च) "सभा" भन्नाले चौरपाटी गाउँपालिकाको सभा सम्झनु पर्छ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. सम्पति कर**ःगाउँपालिका क्षेत्रभित्र अनुसूची(१) बमोजिम  सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**४. भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूची ( १३) बमोजिम जग्गा मुल्याङ्कनका आधारहरुमा भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। जग्गाको मुल्याङ्कन समय सापेक्ष घटबढ हुनेछ।

**५. घर वहाल कर**ःगाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**६. व्यवसाय कर**ःगाउपाँलिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची(३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**७. जडिबुटी, कवाडी र जीवजन्तु कर**ःगाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची(४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**८. सवारी साधन कर**ः गाउँपालिकाको स्वामित्वमा रहेका मेसिनरी साधनहरुको न्यूनतम भाडा दर अनुसूची (५) मा उल्लेख भए बमिजिम हुनेछ।

**९. विज्ञापन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची(६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१०. मनोरन्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची(७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिमहुनेछ।

**११. बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची(८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. पार्किङ शुल्क**ः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची–(९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३.ट्रेकिङ्ग, कायोकिड, क्यानोईङ्ग,बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क**ः गाउँपालिकाले आफ्नो क्षेत्र भित्रट्रेकिङ्ग, कार्‍योकिड,क्यानाइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र यर्‍ारफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवारत अनुसूची(१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. सेवा शुल्क, दस्तुर**ः गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि(११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१५. पयर्टन शुल्क**ः गाउपाँलिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पयर्टकहरूवाट अनसुची(१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१६. कर छुट नहुने**ः यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१७. **कर तथा अन्य शुल्क संकलन सम्बन्धी कार्यविधि**ः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची –१

(दफा २ सँग सम्वन्धित)

**मालपोत / भुमिकरका दरहरू**

१. एक रुपिया देखी पाँच लाख रुपिया सम्मको जग्गा भएको जग्गाको मुल्याङ्कन दर रु ८०।-
२.पाँच लाख एक रुपिया देखी दश लाख रुपिया सम्मको जग्गा भएको जग्गाकोमुल्याङ्कन थप दर रु४५।-
३.दश लाख एक रुपिया देखी बिस लाख रुपिया सम्मको जग्गा भएको जग्गाको मुल्याङ्कन थप दर रु २०।-
४.बिस लाख एक रुपिया देखी चालिस लाख रुपिया सम्मको जग्गा भएको जग्गाकोमुल्याङ्कन थप दर रु२०।-
५.चालिस लाख एक रुपिया देखी पचासलाख रुपिया सम्मको जग्गा भएको जग्गाकोमुल्याङ्कन थप दर रु२०।-
६. पचास लाख एक रुपिया देखी माथी प्रति लाख थप दर रु १०।-
७.सार्वजनिक जग्गामा निर्माण ब्यक्तिगत संरचनाको (सम्पत्तीकर)प्रतिबर्गमिटर सेवा शुल्क रु २०।-

माथि उल्लेखित दर अनुसार प्रत्येक आर्थिक वर्षको पौष मसान्त सम्म मालपोत बुझाएमा बुझाउनु पर्ने मालपोत रकमको ५% छुट र सोहि आ.व.को असार मासान्त सम्म नबुझाएमा अर्को आ.व.मा १०% थप र त्यस पछि तेश्रो वर्ष बुझाउन आएमा २०% चौथो वष ३०% यहि अनुपातमा जरिवाना थप हुदै जाने छ र सम्पत्ति मुल्यांकनका आधारमा कर अशुली गरिनेछ।

## अनुसूची –२

(दफा ४ सँग सम्बन्धित)

**घरबहाल करका दरहरू**

यस चौरपाटी गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, ग्यारेज, गोदाम, जग्गा आंशिक तवरले बहालमा लिएका व्यक्ति वा संस्थाबाट मासिक भाँडाको १० प्रतिशत रकम असुल उपर गरिनेछ।

## अनुसूची –३

(दफा ५ सँग सम्बन्धित)

**व्यवसायमा लगाईने बार्षिक करका दरहरू**

| **ब्याबसायिक करको दररेट** | | | |
|---|---|---|---|
| सि.न | **विवरण** | **दर्ता** | **नविकरण** |
| १.१ | सरिया सिमेन्ट मात्र अलग विक्रि (हार्डवयर पसल) दर्ता / आवद्धता | ३,००० | १,००० |
| १.२ | अन्य निकायमा दर्ता भई गाउँपालिका आवद्धता दस्तुर | १००० | ५०० |
| १.३ | मझौला पसललाइ (चिया सहित किराना पसल) | १,००० | ५०० |
| २ | कृषि तथा पशुपंक्षी समुह | १००० | ५०० |
| २.१ | व्यक्तिगत कृषि तथा पशुपंक्षी फर्म | १००० | ५०० |
| ३ | हेटल तथा कोल्ड स्टोर दर्ता | १५०० | १००० |
| ३.१ | फर्निचर उद्योग | १५०० | ५०० |
| ३.२ | डिलर सिप | २,००० | १,००० |
| ३.३ | कुटानी पिसानी मिल | १,००० | ५०० |
| ३.४ | सर्भिस सेन्टर( सवारी साधन मर्मत, फोटो स्टुडियो आदी) | १००० | ५०० |
| ३.५ | अन्य उद्योग | १००० | ५०० |
| ४ | घ वर्गको ईजाजत प्राप्त | ५,००० | २,००० |
| ४.१ | उपभोक्ता समिति/खानेपानी मुहान दर्ता नविकरण | १००० | ५०० |
| ५ | सामुदायिक बन तथा कबुलियती बन अभिलेख वा सुचीकृत | १,००० | ५०० |
| ३.३ | किला काटी, रंगरोगनका सामान विक्रेतालाइ | १,००० | |
| ३.४ | नदि किनारबाट संकलन गर्ने नदिजन्य पदार्थ (प्रति ट्रिपर ६/१० चक्के/ट्रयाक्टर | ७००/१०००/४०० | |
| **४** | **कम्प्युटर अन्य ईलोक्ट्रोनिक्स सामान** | | |
| ४.१ | कम्प्युटर र सोका पार्टस विक्रि गर्ने पसललाई | १,००० | |
| ४.२ | मोवाइल ग्यालरि, मोवाइल सेट विक्रि वितरण | १,००० | |
| ४.३ | मोवाइल मर्मत | ५०० | |
| **५** | **विधुतिय सामानः** | | |
| ५.१ | विजुलिका सामानका साथै विजुलिवाट चल्ने उपकरण जस्तै हिटर, कुलर, पंखा, आइरन आदिलाई | २,५०० | |
| ५.२ | विजुलीका सामान मात्र विक्रि गर्नेलाई | १,००० | |
| ५.३ | रेडियो घडि विक्रि गर्ने पसललाइ | १००० | |
| ५.४ | फोटो स्टुडियो | ५०० | |
| **६** | **पेट्रोलियम पदार्थका थोक तथा खुद्रा व्यापारलाई** | | |
| ६.१ | एक पम्प मात्र भएकालाई | २,००० | |
| ६.२ | ड्रममा पेट्रोलियम पदार्थ विक्रेताबाट तेल बेच्ने व्यावसायमा | १,००० | |
| **७** | **दैनिक उपभोगका खाद्य पदार्थ, सुति कपडा आदिका थोक तथा खुद्रा व्यापार, किराना पसल उद्योग** | | |

| | | |
|---|---|---|
| ७.१ | ठूला पसल (होलसेल पसल) | १५०० |
| ७.२ | साना थोक वा खुद्रा विक्रेता पसललाई | ५०० |
| ७.३ | मासु पसल | ५०० |
| ७.४ | सामान्य चिया पसल | ३०० |
| ८ | सुति कपडा पसलाइ | ५०० |
| ८.१ | कपडा थोक पसल | १,५०० |
| ८.२ | कपडा खुद्रा पसल | १,००० |
| **९** | **सवारी साधन मर्मत सम्भार गर्ने** | |
| ९.१ | विभिन्न सवारी साधनका पार्टस तथा मर्मत गर्ने | १,००० |
| **१०** | **विशेषज्ञ परामर्श तथा अन्य  व्यवशायिक सेवा** | |
| १०.१ | चिकित्सक | १२०० |
| १०.२ | कविराज बैद्य | ७०० |
| १०.३ | ईन्जीनियर | १,००० |
| १०.४ | कानुन व्यवसायी | २,००० |
| १०.५ | लेखा परिक्षक सुचिकृत | २,५०० |
| १०.६ | दन्त चिकित्सक | १,००० |
| १०.७ | अनुसन्धानकर्ता र परामर्शदाता | १,००० |
| १०.८ | विमा एजेन्ट | ५०० |
| १०.९ | सर्भेयर | १,००० |
| १०.१० | पशु चिकित्सक | ५०० |
| १०.११ | सेयर दलाल | २,००० |
| १०.१२ | सामान ढुवानीकर्ता तथा कम्पनी राष्ट्रिय | ८०० |
| १०.१३ | सामान ढुवानी कर्ता तथा कम्पनी स्थानिय | ५०० |
| १०.१४ | सस्थागत पेन्टर स्थानीय | १,००० |
| १०.१५ | फिल्डमा जग्गा सिमाङकन प्रति कित्ता | ५०० |
| १०.१६ | घर नक्साको डिजाइन गर्ने कन्सल्टेन्सिलाइ | २००० |
| १०.१७ | खरिद तथा मर्मत निर्माण ब्यवसायी फर्म  सुचिकृत दस्तुर | १००० |

## अनुसूची –४

## गाउँपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तुमा लगाईने कर

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु |
|---|---|---|---|
| १ | झ्याउँ | प्रती के.जी. | १०.०० |
| २ | सिस्नो | प्रती के.जी. | २.०० |
| ३ | अमला | प्रती के.जी. | १.०० |
| ४ | रोठो | प्रती के.जी. | १.०० |
| ५ | सिलाजु | प्रती के.जी. | ५००.०० |
| ६ | काउलो | प्रती के.जी. | ५.०० |
| ७ | पडिफुल | प्रती के.जी. | ३.०० |
| ८ | गुर्जो | प्रती के.जी. | २.०० |
| ९ | हर्रो | प्रती के.जी. | २.०० |
| १० | कुरीलोको जरा | प्रती के.जी. | ३.०० |
| ११ | अमिस्रो | प्रती के.जी. | २.०० |
| १२ | खोटो | प्रती के.जी. | ३.०० |
| १३ | साधारण च्याउ | प्रती के.जी. | ४.०० |
| १४ | सल्लो(गोलीया) | छुट पुर्जीको प्रति. क्यु.फि.प्रतिशत | ७.०० |
| १५ | खैरको काठ पैठारी | छुट पुर्जीको प्रति क्यु.फि.प्रतिशत | २०.०० |
| १६ | सिसमको काठ पैठारी | छुट पुर्जीको प्रति. क्यु.फि.प्रतिशत | १५.०० |
| १७ | सालको गोलिया | छुट पुर्जीको प्रति. क्यु.फि.प्रतिशत | २०.०० |
| १८ | उत्तिस र अन्या वरामदी काठ | छुट पुर्जीको प्रति. क्यु.फि.प्रतिशत | १०.०० |
| १९ | सल्लाको आँखा | छुट पुर्जीको प्रति. क्यु.फि.प्रतिशत | १०.०० |
| २० | सल्लो/ उत्तीस र अन्य काठ(निजी जग्गाको) | छुट पुर्जीको प्रति. क्यु.फि.प्रतिशत | ५.०० |
| २१ | बाँस | प्रति गोटा | ५.०० |
| २२ | निगालो | प्रति गोटा | ०.५० |
| २३ | दाउरा(दहत्तर बहत्तर)६/१० चक्के | प्रती ट्रक | १,०००/१,५०० |

| | | | |
|---|---|---|---|
| २४ | दाउरा(दहत्तर बहत्तर) | प्रति ट्याक्टर | ५०० |
| | **कृषि, पसु तथा पशुजन्य वस्तु** | | |
| २५ | गाउँपालिका क्षेत्र भन्दा बाहिर भैंसी र बाख्रा जात(भैंसी,राँगा,पाडा,पाडी)) पैठारी शुल्क | प्रति गोटा भैशी ५०० बख्रा १०० | ५००/१०० |
| | **कवाडी सामन पैठारी कर** | | |
| २६ | ट्याक्टर | प्रति ट्रिप | १,००० |
| २७ | मिनीट्रक | प्रति ट्रिप | १,५०० |
| २८ | ट्रक | प्रति ट्रिप | २,००० |
| | **कवाडी सामन विक्री कर** | | |
| २९ | कार्यालय सामान सिल्भर ( हल्का) जन्य कवाड विक्री | प्रति केजी | १५० |
| ३० | मेशनरी पार्टपुर्जा कवाड विक्री | प्रति केजी | ५० |
| ३१ | कार्यालय सामान फलाम जन्य कवाड विक्री | प्रति केजी | ३५ |
| ३२ | कार्यालय सामान इस्टिल जन्य कवाड विक्री | प्रति केजी | ३० |
| ३३ | कार्यालय सामान पलास्टिक जन्य तथा अन्य कवाड विक्री | प्रति केजी | १५ |
| | **व्यवसायीक कर** | | |
| २९ | क वर्गको बैंक लाई | वार्षिक | ५,००० |
| ३० | ख वर्गको बैंक लाई | वार्षिक | ४,००० |
| ३१ | लघुवित्त संस्था | वार्षिक | ३,००० |
| ३२ | सहकारी संस्था प्रगति प्रतिवेदन अभिलेख दस्तुर | वार्षिक | ५०० |
| | | | |

**अनुसूची –५**

(दफा ८ सँग सम्बन्धित)

गाउँपालिकाको स्वामित्वमा रहेका मेसिनरी औजारको न्यूनतम वहाल कर देहायानुसार हुनेछ;-

**सवारी साधन तथा सरकारी सम्पत्तीको वहाल कर**

| क्र.सं. | सम्पत्ती तथा भाडाको विवरण | भाडा रु |
|---|---|---|
| १ | **ट्याक्टरको भाडा** | |
| क | कच्ची बाटो प्रति किलोमिटर | ३६० |
| ख | पक्की बाटो प्रति किलोमिटर | २६० |
| ग | तेल सहित प्रति घण्टा भाडा दर | १३०० |
| घ | तेल बाहेक प्रति घण्टा भाडा दर | ६०० |
| ङ | तेल सहित प्रति दिन भाडा दर (८ घण्टा ) | १५००० |
| च | तेल बाहेक प्रति दिन भाडा दर (८ घण्टा ) | ७००० |

| | | |
|---|---|---|
| २ | **एम्बुलेन्स** | |
| क | कच्ची बाटो प्रति किलोमिटर | १०० |
| ख | पक्की बाटो प्रति किलोमिटर | ५० |
| ३ | **एक्जाभेटर भाडा** | |
| क | एक्जाभेटर भाडा दर प्रति घण्टा तेल सहित | ७,५०० |
| ख | एक्जाभेटर भाडा दर प्रति घण्टा तेल बाहेक | २,५०० |
| ४ | **जे.सी.भि. भाडा** | |
| क | जे.सी.भि. भाडा दर प्रति घण्टा तेल सहित | ३,५०० |
| ख | जे.सी.भि. भाडा दर प्रति घण्टा तेल बाहेक | १,५०० |
| ८ | ब्रेकर भाडा प्रतिदिन | १,५०० |
| ९ | जे.सी.भि बकेट सानो प्रतिदिन | ५०० |
| १० | कवडी म्याट प्रति एक पटक खेलको भाडा दर | ५०००० |
| ११ | ग्रिस, मोविल,हाइडोलिक खाली पलास्टिक वाल्टी विक्री ५/१०/२० लिटर | ५०/१५०/३०० |
| १२ | आयोनुन खाली कट्टा विक्री प्रति एक | १० |
| १३ | आयोनुन वडा कार्यालय सम्म ढुवानी प्रति कट्टा (५० केजी) रू. | ५० |

१ ब्रेकर र जे.सी.भि बकेट प्रति दिन भन्नाले ८ घण्टाको समयलाई बिझाउने छ।

२ सवारी साधन भाडामा लैजाने पक्षले प्रस्ताव बिन्दू गा.पा कार्यालय मानी समय निर्धारण गरिनेछ र आउदाजादा दूवै तर्फको समय गणना गरिनेछ।

३ प्रसुती व्यथा लागेका पालिका क्षेत्र भित्रका गर्भवती महिलालाई एम्बुलेन्सको भाडा निशुल्क हुनेछ।

४ ट्र्याक्टरको लोड तथा रोयल्टी खर्च भाडामा लिने ब्यक्ती स्वंमले ब्यहोर्नु पर्ने छ।

५ चालु आर्थिक वर्ष भित्र दाखिला गर्नुपर्ने आन्तरिक कर दाखिला नगरेमा सम्बन्धित ब्यक्तिलाई अर्को आर्थिक वर्षमा बाकी रकमको १०% जरिवाना लाग्नेछ दुइ वर्ष सम्म दाखिला नगरेमा २०% जरिवाना लाग्नेछ।

## अनुसूची –६

(दफा ८ सँग सम्बन्धित)

विज्ञापनमा लगाईने बार्षिक कर

| क्र.सं. | विवरण | स्विकृत वार्षिकदर रु २०८२।०८३ |
|---|---|---|
| १ | विज्ञापन प्रति होडिङबोर्ड गर्ने | १,००० |
| | | |

## अनुसूची –७

(दफा ९ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने मनोरञ्जन कर

| क्र.सं. | विवरण | स्विकृत वार्षिक २०८२।०८३ दर |
|---|---|---|
| १ | भिडियो हल संचालकबाट | ५०० |
| २ | क्यारेम बोर्ड | २०० |
| ३ | पालिका खेल मैदान टिम दर्ता दस्तुर | १००० देखी ५००० |
| २ | ब्यापार मेला स्टल दर्ता दस्तुर | १००० देखी १०००० |

## अनुसूची –८

(दफा १०सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने बहालतथा विरौटी शुल्क, कर

| क्र.सं. | विवरण | स्विकृत वार्षिक २०८२।०८३ दर . |
|---|---|---|
| १ | तालिम हल संचालनक वाफत प्रतिदिन | १,००० |
| २ | सार्वजनिक क्षेत्रमा सिसा,बोतल,जम्मा गर्ने प्रतिमहिना प्रति ब्यक्ति तथा पसललाई प्रतिमहिना सेवा शुल्क | ५००/१००० |

## अनुसूची –९

(दफा ११ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | स्विकृत वार्षिक २०८२।०८३ दर . |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्र भित्र जिप,ट्रक,बस पार्किंग शुल्क | १००/२००/३०० |

## अनुसूची –१०

(दफा १२ सँग सम्बन्धित)

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग शुल्क

यस सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## अनुसूची –११

(दफा १३ सँग सम्बन्धित)

सेवा शुल्क, दस्तुर

| सि.न. | विवरण | आ.व. २०८२।०८३को |
|---|---|---|

| | | स्विकृत राजश्वको प्रति सिफारिस दररेट |
|---|---|---|
| १ | मदिरा डिलर( अनुमती पत्र प्राप्ती सिफारिस) | २५००० |
| २ | मदिरा डिलर( अनुमती पत्र नविकरण सिफारिस) | ७००० |
| ३ | मदिरा खुद्रा(अनुपति पत्र प्राप्ती सिफसरिस) | १०००० |
| ४ | मदिरा खुद्रा(अनुपति पत्र नविकरण सिफसरिस) | ३००० |
| ५ | मदिरा सहितको कोल्ड स्टोर( अनुमती पत्र प्राप्त सिफारिस) | १२००० |
| ६ | मदिरा सहितको कोल्ड स्टोर( अनुमती पत्र नविकरण सिफारिस) | ४००० |
| ७ | संस्था दर्ता सिफारिस(नाफामुलक) | २००० |
| ८ | संस्था नविरण सिफारिस(नाफामुलक) | १००० |
| ९ | संस्था दर्ता सिफारिस(सेवामुलक) | १००० |
| १० | संस्था नविकरण सिफारिस(सेवामुलक) | ५०० |
| ११ | साना उद्योग दर्ता सिफारिस | १००० |
| १२ | साना उद्योग नविरण सिफारिस | ५०० |
| १३ | ठुला उद्योग दर्ता सिफारिस | ३००० |
| १४ | ठुला उद्योग नविरण सिफारिस | १५०० |
| १५ | साझेदार थपघट सिफारिस | १००० |
| १६ | ठाउँसारी सिफारिस | ५०० |
| १७ | लगत कट्टा सिफारिस | ५०० |
| १८ | ब्यबसाय सञ्चालन नभएको सिफारिस | ५०० |
| १९ | ब्यक्तिगत रुपमा योजना तथा कार्यक्रममागको सिफारिस | ५०० |
| २० | ब्यक्तिगत कृषि तथा पशुपन्छी कार्यक्रम अनुदान सिफारिस | १०० |
| २१ | साझेदार थपघट सिफारिस  दस्तुर | १००० |
| २२ | घर जग्गा नामसारी सिफारिस | २०० |
| २३ | घर जग्गा अभिलेखिकरण दस्तुर | ३,००० |
| २४ | घर जग्गा पास अभिलेखिकरण निवेदन दस्तुर | ५०० |
| २५ | घर नक्सा पास दस्तुर प्रति वर्ग फिट | ५ |
| २६ | परामर्श सेवा सुचिकरण दस्तुर | १,००० |
| २७ | घर नक्सा अभिलेखीकरण (घर वनेपछी नक्सा पास) दस्तुर प्रति कित्ता १०० र थप प्र.कि. रु २५ | ७ |
| २८ | घरजग्गा मूल्याङ्कन सिफारिस / प्रमाणित | १०० |
| २९ | कित्ता काट सिफारिस | २०० |
| ३० | जग्गा दर्ता सिफारिस | २०० |
| ३१ | घरबाटो प्रमाणित सिफारिस | ५०० |

| | | |
|---|---|---|
| ३२ | पुर्जामा घर कायम गराउने | १०० |
| ३३ | जग्गा धनी प्रमाण पुर्जा सिफारिस | २०० |
| ३४ | घर जग्गा अभिलेखिकरण लेखाजोखा दस्तुर | ३,००० |
| ३५ | छात्रबृति सिफारिस | १०० |
| ३६ | विपन्न विद्यार्थी छात्र वृति सिफारिस | ० |
| ३७ | अपांग सिफारिस निशुल्क | ० |
| ३८ | अस्थाायी बसोवास सिफरिस | २०० |
| ३९ | आर्थिक अवस्था सम्बन्धी सिफारिस (वलियो) | ५०० |
| ४० | आर्थिक अवस्था सम्बन्धी सिफारिस (कमजोर) | १०० |
| ४१ | विद्युत जडान सिफारिस | १०० |
| ४२ | नागरिकता सिफारिस | १०० |
| ४३ | नागरिकताको प्रतिलिपिको सिफारिस | २०० |
| ४४ | अंगीकृत नागरिकता सिफारिस | १,००० |
| ४५ | जिवित रहेको सिफारिस | १०० |
| ४६ | जन्म मिति संशोधन सिफारिस | १०० |
| ४७ | नाता प्रमाणित सिफारिस | १०० |
| ४८ | निशुल्क / सशुल्क स्वास्थ्य उपचार सिफारिस | ० |
| ४९ | सरक्षक सिफारिस | १०० |
| ५० | विद्यालयको कक्षा वृद्धि सिफारिस | १,००० |
| ५१ | पुर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस | ५,०० |
| ५२ | नामथर  फरक फरक भएको एउटै हो भन्ने सिफारिस | १०० |
| ५३ | फरक फरक जन्म मिति प्रमाणित | १०० |
| ५४ | हकदार प्रमाणित | १०० |
| ५५ | संरक्षक प्रमाणित | १०० |
| ५६ | अविवाहित प्रमाणित | १०० |
| ५७ | नामथर संशोधन प्रमाणित | १०० |
| ५८ | विवाह प्रमाणित | १०० |
| ५९ | जन्म मिति प्रमाणित | १०० |
| ६० | मिलापत्र कागज गराउने दुवै पक्षवाट | ५०० /५०० |
| ६१ | जन्मदर्ता (३५ दिनसँम्म निशुल्क ) | २०० |
| ६२ | मृत्युदर्ता (३५ दिनसँम्म निशुल्क ) | २०० |
| ६३ | विवाह दर्ता (३५ दिनसँम्म निशुल्क ) | २०० |
| ६४ | बसाईसराई दर्ता (३५ दिनसँम्म निशुल्क ) | २०० |
| ६५ | प्रमाणिकरण तथा पिछडियको क्षेत्र सिफारसि | १०० |

| | | |
|---|---|---|
| ६६ | अंग्रेजी सिफारिस शुल्क | ३०० |
| ६७ | जन्म ,मृत्यु, विवाह दर्ता प्रतिलिपि | ५०० |
| ६८ | फोटोकपि तथा प्रिन्टरसेवा शुल्क (प्रति / प्रति) | ५ /१५ |
| ६९ | मुचुल्का | ३०० |
| ७० | कक्षा ८ को सैक्षिक प्रमाण पत्रको प्रतिलिपी प्रति व्यक्ती | ५०० |
| ७१ | निजी जग्गामा काठ कटान आदेश सिफारिस शुल्क प्रति कित्ता | ५०० |

## अनुसूची –१२

(दफा १४ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने पर्यटन शुल्क

यस सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोकेल बमोजिम हुनेछ ।

## अनुसूची –१३

(दफा ३ र ४ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने सम्पत्ती कर

**(सम्पत्ती ब्यबस्थापन कार्यविधीअनुसूची ६)आर्थिक ऐनको दफा ३ संग सम्बन्धित**

**जग्गाको न्युतम मुल्याङ्कन आ.व.२०८२।०८३**

**१) चौरपाटी गाउँपालिका वडा नं.१ (साविक सिउडी गा.वि.स.) अन्तर्गत**

- सिउडी मा.वि.देखी गाउँपालिका कार्यालयसम्मको सडकसंगजोडिएको जग्गाको कित्ता प्रतिरोपनीको रु.३ लाख ७५ हजार।
- सिउडी मा.वि.देखी गाउँपालिका कार्यालयसम्मको सडकसंग नजोडिएको जग्गाको कित्ता दायाँ बायाँ प्रतिरोपनीको रु. २ लाख।
- गैरिलेक कोटगसे गैरा देखी वडा कार्यालय सम्मको सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनीको रु.२ लाख ५० हजार।
- भारिगडा खानडाडा सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनीको रु.१ लाख ३० हजार।
- भारिगडा खानडाडा सडकसंग नजोडिएको जगाको कित्ता प्रतिरोपनीको रु.१ लाख।
- मुगारा गाउँटोल आसपासका घरवारी जग्गा प्रतिरोपनीको रु.९० हजार।
- गैरीलेक पातल सडक संग जोडिएको जगाको कित्ताप्रतिरोपनीको रु.१ लाख ४ हजार।
- गैरीलेक पातल सडकसंग नजोडिएको जगाको कित्ता प्रतिरोपनीको रु.४० हजार।
- जाडेपानी दशपल्ले सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनीको रु.१ लाख ३० हजार।
- जाडेपानी दशपल्ले सडकसंग नजोडिएको जगाको कित्ता प्रतिरोपनीको रु.६५ हजार।

- चौरमाडु खेडीगाउँ घरवारी प्रतिरोपनीको रु.३९ हजार।
- (किमरुख)मटेना भकारे घरवारी प्रतिरोपनीको रु.१ लाख र कृषिमा ५० हजार।
- रोल गैरीगाड, कठनाउला सिरखोला प्रतिरोपनीको रु.५५ हजार ९ सय।
- दाप्रडा सेली मोरा प्रतिरोपनीको रु.१ लाख।
- मालेपड देखी आग्रीखोला सम्म प्रतिरोपनीको रु.७५हजार।
- माकन चित्रेपडा प्रतिरोपनीको रु.५५हजार।
- लामागडा गुईलेडी प्रतिरोपनीको रु.५० हजार।
-

**२) चौरपाटी गाउँपालिका वडा नं.२ (साविक सोकट गा.वि.स.) अन्तर्गत**

- चौपायाखाल ,तिलेडी,मुल्ली,कोलगैरा,मानीगडा,रायखोज,बगर,तेडीमाडु ,भटगाउँ,रानागाउँ,र नाउलीकोट आसपासका सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनी ३ लाख र उल्लेखित सडकमा नजोडिएका जग्गाहरु १ लाख पँचास हजार ।
- दाङ चोपाया गैरीलेक सडकसंग जोडिएको जगाको कित्ता(घडेरीको) प्रतिरोपनी ३ लाख।
- २ नं.वडाका सवै ग्रामिण सडक तथा सवै वस्तीका घडेरीको प्रतिरोपनी १ लाख ५० हजार।
- पुर्व (सेतीनदी) पतलचौर देखी पश्चिम नाउलीकोट आसपासका खेत जग्गाको प्रतिरोपनी ३ लाख र पाखो जग्गाको २ लाख ५० हजार।
- नाउलीकोट चडेसैन देखी घट्टेखेत (उत्तर) सम्म आसपासका खेत जग्गाको प्रतिरोपनी २ लाख ५० हजार र पाखो जग्गाको २ लाख ।
- प्रमुल्ली देखी वासकान्ना सम्मका आसपासका खेत जग्गाको प्रतिरोपनी २ लाख ५० हजार र पाखो जग्गाको २ लाख ।

**३) चौरपाटी गाउँपालिका वडा नं.३ (साविक सकोकट गा.वि.स.) अन्र्तगत**

- चिरकिट्टे बजार (चौखुट्टे –चौरपाटी सडकसंग जोडिएको जगाको कित्ताप्रतिरोपनी ३ लाख।
- चिरकिट्टे सुकिना तथा गगुडा सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनी ३ लाख।
- चिरकिट्टे सुकिना तथा गगुडा सडकसंग नजोडिएको जगाको कित्ता प्रतिरोपनी १ लाख ५० हजार
- जितकाउडा सिमखेत तथा सार्वजनिक भवन आसपास ४० मिटरसम्म प्रतिरोपनी २ लाख ।
- जितकाउडा सिमखेत तथा सार्वजनिक भवन आसपास ४० मिटर बाहिर प्रतिरोपनी १ लाख ।
- तासी ,खेतीखोला,घोडदाउना,आसपासको घरवारी जगाको प्रतिरोपनी १ लाख।

- सोकट ३ नं.वडाका खेत जमिनहरुको प्रतिरोपनी १ लाख।
- सोकट ३ नं.वडाका पाखो जमिनहरुको प्रतिरोपनी ४० हजार।

**४) चौरपाटी गाउँपालिका वडा नं.४ (साविक पायल गा.वि.स.) अर्न्तगत**

- पायल झाड बजारको दायाँ बायाँ १५० मिटर सम्मको जग्गाको प्रतिरोपनी २ लाख ३० हजार।
- पश्चिम कृष्णनगर,पुर्व पित्रेइना ,दक्षिण कुमालगाउँ आसपास क्षेत्रका सवै जग्गाको प्रतिरोपनी २ लाख।
- राजेरवा देखी मोरा सेती लोकमार्ग आसपासका जग्गाको प्रतिरोपनी ५लाख ।
- मोटेला ,दर्नी,गैरीगाड थराना क्षेत्र आसपासका घडेरी जग्गाको प्रतिरोपनी ५५ हजार।
- पायलका सवै ग्रामिण सडकसंग जोडिएको जगाको कित्ता(खेत) प्रतिरोपनी १ लाख ५० हजार र पाखो प्रतिरोपनी १ लाख ४० हजार।
- ठाडीकाट्टे तल मदने देखी मोरा सम्म आसपास प्रतिरोपनी १ लाख।
- ठाडीकाट्टे माथी कृष्णनगर, कुमालगाउँ, टिमलटुक्रा आसपास सवै खेत प्रतिरोपनी ७० हजार र पाखो प्रतिरोपनी ४५ हजार।
- गैरीगाड, थराना,जिमखेत आसपास सवै जग्गा प्रतिरोपनी ७० हजार।
- मोटेला र दर्नी आसपास सवै जग्गा प्रतिरोपनी ४५ हजार

**५) चौरपाटी गाउँपालिका वडा नं.५ (साविक लुंग्रा गा.वि.स.) अर्न्तगत**

- पिपलरुख,खापरमाडु आसपास ५० मिटरसम्म प्रतिरोपनी ३ लाख ।
- लुंग्रा बजिनाथ,कुतिखाम चौरपाटी,लुंग्रा पुडासैन सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनी ३ लाख ।
- लुंग्रा गहिल,गोयलापानी चौरपाटी र गहिल विरखम्म ससंग जोडिएको जगाको कित्ताप्रतिरोपनी २ लाख । लुंग्रा गाउँटोल भित्र सवै घडेरी प्रतिरोपनी २ लाख ५० हजार।
- सालडाली,सालीखेत,हदेलु,गंगापुर सालगाउँका सवै घडेरी प्रतिरोपनी २ लाख ९० हजार।
- गहिल टोलका सवै घडेरी प्रतिरोपनी १ लाख ७० हजार।
- पुडासैनका सवै घडेरी प्रतिरोपनी १ लाख ५० हजार।
- थुवाका सवै घडेरी प्रतिरोपनी १ लाख ३० हजार।
- रिठा देखी जाड सेती लोकमार्ग बाट ५०० मिटर सम्म प्रतिरोपनी ६ लाख।
- लुंग्रा सेती लोकमार्गको आसपास ५०० मिटर सम्म जग्गाको मुल्याङ्कन प्रति रोपनी ९ लाख।
- रिठा देखि जाड सेती लोकमार्ग बाट ५०० मिटर बाहिर प्रति रोपनी ६ लाख।

- सालगाउँ,पुडासैन,इन्द्राबन,बुरकुल आसपासका जग्गा प्रतिरोपनी १ लाख।
- तल्लो गहिल देखी बोहरावाडा भन्थानको तेस्रो सडक तल प्रतिरोपनी ७० हजार।
- बोहरावाडा भन्थानको तेस्रो सडक माथी लेकाली क्षेत्र समेत प्रतिरोपनी ६५ हजार।
- गहिल घट्टेबगर,जुकेखोला बाउदुला,सल्लेनीडाडा गैरातिर अर्थगेगडा प्रतिरोपनी ६० हजार।
- थुवा ,सल्लीकोट बाणबस्ती, भिरमुड,रतनधामी,चोताडी प्रतिरोपनी ५५ हजार।

**६) चौरपाटी गाउँपालिका वडा नं.६ (साविक दुनी गा.वि.स.) अर्न्तगत**

- चौखुट्टे सिमाना गेटदेखी प्रहरी चौकी पक्की सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनी ५ लाख।
- चौखुट्टे प्रहरी चौकी देखी दगडा खालीसम्म पक्की सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनी ३ लाख।
- मल्लो तल्लो दुनी, लिगुडसैन,सेलपाखा टोलका सवै घरवारी जग्गाहरु प्रतिरोपनी १ लाख ५० हजार ।
- दुनी भित्रका सवै ग्रामिण सडकसंग जोडिएको जगाको कित्ता प्रतिरोपनी १ लाख ५० हजार।
- दुनी भित्रका सवै ग्रामिण सडक संग नजोडिएको जगाको कित्ताप्रतिरोपनी ५० हजार र पाखो प्रतिरोपनी ३५ हजार।
- चौखुट्टे मुग्रा र चौखुट्टे चौरपाटी सडकसंग जोडिएको जगाको कित्ताप्रतिरोपनी १ लाख २० हजार
- चौखुट्टे मुग्रा र चौखुट्टे चौरपाटी सडकसंग जोडिएको जगाको कित्ताप्रतिरोपनी ३० हजार।

**७) चौरपाटी गाउँपालिका वडा नं.७ (साविक मार्कु गा.वि.स.) अर्न्तगत**

- सिलगढी,साफे पक्की सडक खण्ड पुर्व ज्वाल्पादेवीको सिमाना देखी पश्चिम मार्कु नाउलेगडा सम्म सडकसंग जोडिएको जगाको कित्ताप्रतिरोपनी ५लाख ।
- सिलगढी,साफे पक्की सडक खण्ड पुर्व ठुलागडा देखी पश्चिम खुशीमारे सम्म सडकसंग जोडिएको जगाको कित्ताप्रतिरोपनी ४ लाख ।
- मुल सडक बाहेक ग्रामिण घरवारी सवै ( दुवाडी,चिरकिट्टे,गोस्पुर ग्वानी) प्रतिरोपनी २ लाख ५० हजार।
- विरखम्म चिरकिुट्टे र विरखम्म गहिल गजुरीखाल सडक आसपासका सवै जग्गाहरु प्रतिरोपनी १ लाख।
- पुर्व काटेबाटो,धिमिगाउँ देखी पश्चिम उत्तर विगडी आसपास मुल सडकसंग नजोडिएको जगाको कित्तादोगाडे खोला वारीका सवै जग्गाहरु प्रतिरोपनी ७५ हजार।

- पुर्व वासपाटा देखी पश्चिम लेटेखाद चाइरवा,पानीखोला आसपासका सवै खेत प्रतिरोपनी ६० हजार र पाखो प्रतिरोपनी ५० हजार।

## (क) घर तथा संरचनाको न्युनतम मुल्याकन

| किसिम | | प्रति वर्गफिट |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्ट्रक्चर | १,५००।- |
| २ | ढुंगाको जोडाई माटोको गारो – सिमेन्ट प्लाष्टर आर.सि.सि.छाना | १४००।- |
| ३ | ढुङ्गाको जोडाई माटोको गारो – सिमेन्ट प्लाष्टर पत्थरको छाना | १३००।- |
| ४ | ढुङ्गाको जोडाई माटोको गारो – पत्थरको छाना | ११००।- |
| ५ | ढुङ्गाको जोडाई माटोको गारो - जस्ताको छाना | १०००।- |
| ६ | ढुङ्गाको जोडाई माटोको गारो – खरको छाना | ९००।- |
| ७ | सेड वा कच्ची घर | ७००।- |

(ख) घर तथा संरचनाको सम्पत्तीको मुल्यांकन दर

१. एक रुपिया देखी एक लाख रुपिया सम्मको जग्गा भएको जग्गाको मुल्याङ्कन दर रु १००।-

२. एक लाख एक रुपिया देखी दश लाख रुपिया सम्मको जग्गा भएको जग्गाको मुल्यांक्न थप दर रु२५।-

३.दश लाख एक रुपिया देखी पच्चिस लाख रुपिया सम्मको जग्गा भएको जग्गाको मुल्यांक्न थप दर रु२५।-

४.पच्चिस लाख एक रुपिया देखी पचास लाख रुपिया सम्मको जग्गा भएको जग्गाको मुल्यांक्न थप दर रु३०।-

५. पचास लाख एक रुपिया देखी माथी प्रति लाख थप दर रु ३०।–

## आ.व. २०८३।०८४ को अनुमानित आन्तरिक आयको प्रक्षेपण

| सि .न . | राजस्वका क्षेत्रहरु | आ. व. २०८२/०८३ | आ. व. २०८३/०८४ | कैफियत |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | २००००० | २०५००० | |

| | | | | |
|---|---|---|---|---|
| २ | भूमि कर/मालपोत | ४००००० | ८००००० | |
| ३ | घर बहाल कर | १००००० | १५०००० | |
| ४ | अन्य मनोरन्जन कर | १०००० | १०००० | |
| ५ | व्यवसायले भुक्तानी गर्ने | २०००० | ३२०००० | |
| ६ | अन्य कर | ७०००० | २०००० | |
| ७ | सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | ३०००००० | ४०००००० | |
| ८ | सरकारी सम्पत्ति विक्रीबाट प्राप्त आय | ८००००० | ८००००० | |
| ९ | अन्य विक्रिबाट प्राप्त रकम | ५१००० | २०००० | |
| १० | अन्य सेवा शुल्क तथा बिक्री | ५०००० | २०००० | |
| ११ | शिक्षा क्षेत्रको आम्दानी | १००००० | २००००० | |
| १२ | परिक्षा शुल्क | ६०००० | १५००० | |
| १३ | अन्य प्रशासनिक सेवा शुल्क | १००००० | १५०००० | |
| १४ | सिफारिस दस्तुर | ६००००० | ४५०००० | |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३२५००० | ४६०००० | |
| १६ | नाता प्रमाणित दस्तुर | ५०००० | २०००० | |
| १७ | अन्य दस्तुर | ५०००० | ५०००० | |
| १८ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४००००० | १००००० | |
| १९ | न्यायिक दण्ड जरिवाना र जफत | २५०००० | १००००० | |
| २० | प्रशासनिक दण्ड जरिवाना र जफत | २५०००० | २००००० | |
| २१ | दहत्तर बहत्तर शुल्क | ११००००० | १२०००० | |
| २२ | घर नक्सा पास दस्तुर | २०००० | १५००० | |
| २३ | अन्य राजश्व /बेरुजू | १०५००० | ८००००० | |
| २४ | व्यवसाय कर | ४०००० | ५०००० | |
| | | ८१५१००० | ९०७५००० | |